५.१

रानीपोखरी : यसको ऐतिहासिकता र संरक्षण

रानीपोखरी अहिले काठमाडौँशहरको बीचमा रहे पनि जुन समयमा यो बन्यो त्यतिखेर काठमाडौँशहरको पूर्वी किल्लाको बाहिरपट्टि पर्दथ्यो । रानीपोखरीको रूपमा मात्र यो पोखरी सीमित नभई यसमा धर्म, संस्कृति पनि समेटिएकोले यसको अधिक महत्त्व रहेको छ । नेपालीको सँस्कृति पक्षको स्वरूप प्रारम्भदेखि नै धर्मबाट अभिप्रेरित छ । यसैले के कला, के वास्तुकला, ढुङ्गेधारा, पाटी-पौवा, पोखरीसमेत पनि धर्मसंस्कृतिमा आधारित छन् । धर्म नै नेपाली सँस्कृतिको स्रोत हो । रानीपोखरीको निर्माण मल्लकालका प्रख्यात राजा प्रताप मल्लको शासनकाल (वि.सं. १६९७ - वि.सं. १७३१) अर्थात् वि.सं. १७२७ मा उनको दिवंगत कान्छा छोरा चक्रवर्त्तेन्द्र मल्लको सम्झनामा विभिन्न तीर्थ तथा कुण्डका जलको अतिरिक्त सप्तगण्डकी, वाराहक्षेत्र, कालीगण्डकी, मुक्तिक्षेत्रका जल, त्यस्तैगरी भारतका प्रसिद्ध तीर्थस्थलहरू- गङ्गा, यमुना, सरस्वती, वाराणसी आदिका जल हाली राजा प्रताप मल्लले त्यस पोखरीलाई पवित्रता प्रदान गर्न प्रयास गरेका थिए ।[१]

प्रताप मल्लले पोखरीको बीचमा एउटा मन्दिर र यसको चार कुनामा गणेश, भगवती, भैरव र महाकालको देवालय र दक्षिणपट्टि एउटा शिवालय र उत्तरपट्टि कुमारीको मन्दिर बनाएका थिए । पोखरीको बीचमा रहेको मन्दिर प्रारम्भमा शिखरशैलीमा पोलिएको माटोबाट बनेको थियो भन्ने कुरा अहिलेको मन्दिरवरिपरि प्रशस्त पोलिएको माटो (terecotta) बाट तयार भएका उमामहेश्वर, वाराह, विष्णु आदिका मूर्तिहरूको साथै माटोकै अञ्जलिमुद्राका नागिनीका मूर्तिहरू र शिखरशैलीका मन्दिरको बाहिरी सुरमा प्रयोग हुने पक्षीविशेषका मूर्तिहरू अहिलेसम्म त्यहाँ यत्रतत्र रहेबाट प्रताप मल्लले बनाएको शिखरशैलीको मन्दिर कालान्तरमा जीर्ण भयो र पछि जङ्गबहादुर राणाले अज्ञानवश गुम्बजशैलीको मन्दिर बनाएका हुन् भन्ने देखिन्छ । गुम्बजशैलीको मन्दिर नेपालमा परिचय गराउन र त्यस शैलीलाई प्रसिद्ध गराउन जङ्गबहादुरको ठूलो हात छ । एच. आम्ब्रोस ओल्डफिल्डले *स्केचेज फ्रम नेपाल*मा जङ्गबहादुरले मन्दिर र पोखरीको सुन्दरतालाई वरिपरि अग्ला पर्खालको बार लगाइदिएर कसरी विरूप पारे त्यसबारे लेखेका छन् ।[२] पोखरीबाहिरका चार सुरका मन्दिरहरूको वास्तुशैली मूलरूपमा छैनन् । दक्षिण-पश्चिम कुनाको भैरवमन्दिरको बनावट सडकविस्तारको क्रममा केही वर्षअगाडि बनाइएका हुन् । दक्षिण-पूर्व कुनाको भगवतीमन्दिर र उत्तर-पूर्व कुनाको महाकालमन्दिरको बनावट

जङ्गबहादुरभन्दा अगाडिको होइन । पोखरीबीचको मन्दिरलाई सम्भवतः पछि जुद्धशमशेरको समयमा पोखरीको वरिपरि फलामका बार लगाइएताका पहिलो तलाको बाहिर गर्भगृहदेखि करिब ६ फिटको दूरीमा चारैतिर चौकुने सिमेन्टका खम्बा ढाली त्यसमाथि ढलान गरी कौसी बनाइएको हो । प्रताप मल्लले पोखरीलाई खुला छोडेका थिएनन् । त्यहां करिब तीन फिट अग्लो पर्खाल वरिपरि घेरिएको थियो । पश्चिमबाट मन्दिरमा पुग्ने पुल पनि उनले बनाइ मल्लकालमा कुशल वास्तुविद्हरू भएको परिचय दिएका छन् । माथि उल्लेख गरेजस्तो पछि जङ्गबहादुरले जीर्ण भएको पर्खाल भत्काइ इँटको अग्लो पर्खाल बनाइदिए । पछि त्यो अग्लो पर्खाल पनि क्रमशः जीर्ण हुँदै गयो । लामो समयसम्म जीर्णोद्धार भएन । त्यो देखेर जुद्धशमशेर (वि.सं. १९८९-वि.सं. २००२) ले अहिले विद्यमान फलामेबारले उक्त ऐतिहासिक रानीपोखरीलाई घेरिदिए ।

पोखरीको बीचमा भएको मन्दिर दुई तले, चौकुने र माथि गुम्बजयुक्त छ । मन्दिर पानीको सतहभन्दा केही माथि बनाइएको मण्डपमाथि बनेको छ । सो मन्दिरमा अहिले मूलदेवताको रूपमा शिवलिङ्ग रहेको छ । तर त्यहाँ भएको मानुष शिवलिङ्ग सत्रौं शताब्दीताकाको कलापरम्परामा हुर्केको छैन । प्रस्तरको किसिम र कलाकारिता पनि पछिल्लो कालको देखिन्छ । यसरी हेर्दा बीचको मन्दिरको मूलदेवता प्रारम्भमा शिवलिङ्ग होइन कि भन्ने देखिन्छ । सम्भवतः त्यस मन्दिरको मूलदेवता बालगोपाल हुनुपर्ने कुरा भाइपूजाको दिन प्रशस्तको सङ्ख्यामा दाजुभाइ नहुने दिदी-बहिनीहरूले बालगोपाललाई पूजा गरेबाट बुझिन्छ । यदि भाइपूजाको दिन त्यहाँ जाने परम्परा सो मन्दिरको निर्माणपश्चात् शुरु भएको भए त्यहाँको मुख्य देवता शिवलिङ्गलाई नै पूजा गर्ने थिए बालगोपाललाई होइन । फेरि कलिलै उमेरका कान्छा छोरा चक्रवर्त्तेन्द्रको नाउँमा सो पोखरी बनाएकाले मूल मन्दिरको देवता बालगोपाल नै हुनु धेरै सम्भव छ । सम्भवतः जङ्गबहादुरको समयमा मन्दिर पुनः निर्माण गर्दा बालगोपालको मूर्ति त्यहाँ पाउन सकिएन होला । शिवलिङ्गको स्थापना गरी सकेपछि मात्र त्यो बालगोपालको मूर्ति पाइएको हुन सक्छ । अहिले बालगोपालको मूर्ति त्यही पश्चिम ढोकामा भग्न रूपमा छ । मृतकको नाममा वा मृतकको प्रतिनिधित्व हुने गरी देवीदेवताको मूर्ति स्थापना गर्ने चलन नेपालमा लिच्छविकालदेखि नै थियो । प्रताप मल्लले पनि वि.सं. १७०६ मा आफ्नो प्रतिनिधित्व भगवान् श्रीकृष्णको रूपमा र आफ्ना मृतक रानीहरू रूपमती र राजमतीको प्रतिनिधित्व हनुमान्ढोकादरबारअगाडि रुक्मिणी र सत्यभामाको रूपमा मूर्ति स्थापना गरी अष्टकोणाकार 'च्यासिङ्देवल' मन्दिर बनाइ गरेको उदाहरण पाइन्छ ।

रानीपोखरी सत्रौं शताब्दीताकाका प्रस्तर र पोलिएको माटोका मूर्तिहरूको हेर्नलायक नमूनाको रूपमा रहेको छ । मन्दिरभित्र शक्तिसहितको पाँच टाउको, दश हातयुक्त गणेश, शक्तिसहितको सूर्य, गरुडनारायण, ६ टाउको र बाह्र हातयुक्त शङ्करनारायणको भव्य प्रस्तरमूर्तिहरू रहेका छन् । त्यस्तैगरी पक्की माटोबाट निर्मित वराह, उमामहेश्वर, विष्णु तथा शक्तिका धेरै हात, धेरै टाउको भएको तान्त्रिकरूपका मूर्तिहरू पनि मन्दिरको प्रदक्षिणास्थलमा यत्रतत्र असरल्ल छन् । पोखरीको उत्तरपट्टि वि.सं. १७२७ को अभिलेखयुक्त माधवनारायणको करिब पाँच फिट अग्लो मूर्ति र अरू दुई विष्णुका मूर्तिहरू पनि त्यही माधवनारायणको दायाँबायाँ छन् । रानीपोखरीको चाखलाग्दो संस्मरणहरूमा पोखरीको दक्षिणतिर भएको प्रस्तर हाती र त्यसका तीन सवारहरू पनि मुख्य हुन् ।

हात्ती करिब १२ फिट फाँचको छ र ९-१० फिट अग्लो छ । यो हात्ती करिब ६ फिट उचाइ भएको समकोणाकार मण्डपमा निर्मित छ । अज्ञात कलाकारले बनाएको हात्तीको पीठमा बुट्टे गलैँचा ओछ्याइएको देखाइएको छ, घाँटीमा सानो घण्ट झुड्याइएको छ । जे होस्, हात्ती बनाउन कलाकार सफल भएको देखिन्छ । हात्तीका सवारहरू तीनै जनाको राजकीय पोशाक र पगरी छन् । यद्यपि जनश्रुतिले ती सवारहरू राजा, रानी र राजकुमारको मूर्ति भन्ने गरेको पाइन्छ तर नजिक गई हेरेमा उनीहरूको पोशाक, बसाइको अवस्थाबाट नै तिनीहरू पुरुष वा नारी मूर्ति के हुन् भन्न सकिन्छ भने अर्कोतिर हात्तीको काँधमा दुवैपट्टि दुई-दुई पङ्क्ति गरी कुँदिएका जीर्ण अभिलेखबाट ती शालिकहरू प्रताप मल्ल र उनका दुई छोरा चक्रवर्त्तेन्द्र मल्ल र महिपतेन्द्र मल्लको हो भन्ने स्पष्ट छ । हात्तीलाई सूँडद्वारा लामो कपाल भएको एउटा विकृत मानवरूपलाई बेस्सरी अँठ्याएको रूपमा देखाइएको छ । यसलाई पनि प्रताप मल्लको किच्कन्यापट्टिको छोरा भनिन्छ । यससम्बन्धी लामो लोकोक्ति नै पाइन्छ । किच्कन्यालाई मन्त्रोक्त विधिद्वारा नाश पारेपछि किच्कन्याको छोरो झुत्रे भकुण्डोजस्तो रूप लिई त्यहाँ आउनेहरूलाई त्रस्त गर्न थाल्यो । त्यो देखेर तान्त्रिकहरूले त्यहाँ भएको ढुङ्गाको हात्तीलाई मन्त्रबलद्वारा जीवित पारी झुत्रे भकुण्डे भूतलाई सूँडले समात्न लगाए हुन्छ भनेकोले त्यसै गरियो । भनिन्छ, पछि भूत पनि प्रस्तरमा परिणत भयो र पोखरीको दक्षिणपट्टि सोही किच्कन्यालाई सूँडले समातेको रूपमा रहन लाग्यो । साधारणतः अहिले यस्तो कुराहरूलाई अन्धविश्वास भनिन्छ । तर मल्लकालमा यस्ता घटनाहरू साधारण मानिन्थ्यो । अझ प्रताप मल्लको समयमा वंशावलीको अनुसार ज्ञानानन्द, लम्बकर्ण भट्ट, नरसिंह ठाकुर, जामुना गुभाजुजस्ता तन्त्र-मन्त्र साधनाका विद्वान्हरूले उनको दरबारमा आश्रय पाएका थिए । रानीपोखरी बन्नुभन्दा अगाडि त्यो ठाउँलाई 'मसाःख्य' अर्थात् मसानचौर भनिन्थ्यो । त्रिचन्द्रकलेजनजिक बालमसान थियो । साधारणतः मल्लकालमा मसानहरू बस्तीभन्दा बाहिर हुन्थे । हात्तीले सूँडद्वारा बालभूतलाई अँठ्याएको देखाइएकोले सो ठाउँमा अब त्यस्ता भूतहरू तन्त्रमन्त्र गरी हात्तीले दबाइसकेको विश्वास जनमानसमा दिलाउन प्रताप मल्लले उक्त हात्तीको सूँडमा दबाइएको भूत देखाउन प्रयास गरेको पनि हुन सक्छ । विक्रमको उन्नाइसौँ शताब्दीको पूर्वार्द्धसम्म रानीपोखरीवरपर खुला थियो । रानीपोखरीको दक्षिणपट्टि प्रताप मल्लले बनाएको अष्टकोणाकार एउटा भव्य पाटी थियो । पछि जीर्णोद्धार हुन नसकी सो पाटी भत्कियो । त्यही ठाउँमा पछि पार्क रेष्टुरेण्ट बसेको भवन तथा पसल कवल बनाइँदै गयो । रानीपोखरीको भव्यता हराउँदै गयो । यसका संस्थापकका शालिकहरूसम्म कहाँ छन् भन्ने थाहा पाइन छाडियो । दक्षिणपट्टिको ती भवनहरू बन्नुभन्दा अगाडि घण्टाघरको स्थापना, वि.सं. १९७५ मा त्रिचन्द्र कलेज र वि.सं. १९१० मा दरबारस्कूलको स्थापना भयो । जङ्गबहादुरले रानीपोखरीदेखि दक्षिणपट्टि सैनिक कवाजको लागि टुँडिखेल बनाए आवादी बढ्दै गयो । रानीपोखरी निर्माणसँग सम्बन्धित अभिलेखहरू एउटा राष्ट्रिय नाचघर बाहिर, दोस्रो तीनधारा नजिक र तेस्रो वीरअस्पताल क्याम्पभित्र रहेबाट उक्त कुराको पुष्टि हुन्छ । मल्लकाल र पूर्वी शाहकालमा (काठमाडौँ विजयपश्चात्) रानीपोखरीको उत्तरतिरको भाग ज्यादै महत्त्वपूर्ण मानिन्थ्यो । बाहिरका राजाहरू आउँदा, जात्राहरू हुँदा काठमाडौँका गद्दीनसीन राजा त्यहाँसम्म गई शहरमा भित्र्याउनु पर्ने चलन थियो । अहिले पनि चाँगुनारायण आदिको जात्रा ल्याइँदा गुरुज्यूको पल्टन त्यहाँसम्म लिन जानुपर्ने चलनले त्यस वेलाको पुरानो कुराको केही संस्मरण गराउँछ ।

यस प्रकार रानीपोखरी धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वयुक्त छ । रानीपोखरी पोखरीको सीमित घेरामा मात्र अल्झिएको नभई नेपाली धर्म, संस्कृति तथा परम्पराको मूर्तरूप पनि हो । वस्तुतः यसलाई तीर्थस्थल नै मान्ने परम्परा पछिसम्म थियो । हुँदाहुँदै पूर्वीद्वार त्रिचन्द कलेजको क्याम्पभित्र पऱ्यो, दक्षिणद्वार पार्क रेष्टुरेण्ट वा पसलकवलहरू छिचोलेर जानुपर्ने भयो, रानीपोखरी केवल आत्महत्या गर्ने ठाउँको रूपमा लिन थालियो । महत्त्व बिर्सियो, भ्रम बढ्यो, यसको महत्त्व अनायाशै घटेको आभास भयो । प्रताप मल्लले आफ्नो कीर्ति कालान्तरसम्म कायम रहोस् भनी विभिन्न देवी-देवतालाई साक्षी राखेर जसले उक्त कीर्तिहरूलाई भत्काउँछ, बिगार्छ, पोखरीमा आत्महत्या गर्छ, त्यस्ता व्यक्ति करोड वर्षसम्म नरकमा बस्नुपर्छ, करोड ब्राह्मण, गुरु, स्त्री, बच्चा मारेको पाप, करोड अखाद्य चीज खाएको पाप र करोड शिवलिङ्ग नाश गरेको पाप लागोस् भनी शिलालेखहरूमा उत्कीर्ण गरी त्यस कीर्तिको महत्त्व स्थायी रहोस् भन्ने प्रयास गरेको बुझिन्छ । पोखरीसँग सम्बन्धित तीनवटा अभिलेखहरूमा जसले त्यस पोखरीमा स्नान, देवार्पण, सन्ध्या आदि धार्मिक कृत्य गर्दछ उसलाई अभिलेखहरूमा उल्लिखित तीर्थस्थलहरूमा स्नान, तर्पण आदि कार्य गरेको पुण्य मिल्छ भनिएको छ । यो परम्परा पछिसम्म कायम थियो तर पोखरीको तीनतिर घर, भवन, पसलद्वारा अतिक्रमण हुँदै गएपछि यसको महत्त्व घट्यो, फोहर बढ्यो, ऐतिहासिकता बिर्सियो ।

जहाँसम्म 'रानीपोखरी' नाम कसरी रहन गयो भन्ने कुरा छ, ने.सं. ७९० (वि.सं. १७२७) का त्यस पोखरीसँग सम्बन्धित शिलालेखहरूमा उक्त पोखरीलाई 'न्हुपुखः' अर्थात् 'नयाँ पोखरी' मात्र भनी कुनै खास नाम दिएको पाइँदैन । दिवङ्गत छोरा चक्रवर्त्तेन्द्रको सम्झनामा बनाइएकोले यसको नाम उनकै नामबाट रहनुपर्ने जस्तो नलाग्ने होइन । यहाँ एउटा ठ्यासफूको भनाइ सत्य देखिन्छ, त्यो के भने उक्त पोखरीको निर्माण वि.सं. १७२१ को वसन्त ऋतुदेखि नै शुरु गरिएको थियो । सम्भवतः शुरुमा यो पोखरी 'रानीपोखरी'को नामबाट बनाउन लागिएको थियो । जनसमक्ष त्यो कुरा प्रचार भइसकेको हुँदो हो । आफ्नो जीवनकालमा नै छोराहरूलाई राज्यसञ्चालन गर्न दिने क्रमअनुरूप वि.सं. १७२६ मा चक्रवर्त्तेन्द्र मल्ल गद्दीमा बसे तर केही दिनमा नै उनको मृत्यु भयो । बालगोपालको मूर्ति स्थापना गरियो । यसो भए तापनि जनमानसमा परेको 'रानीपोखरी' को छाप मेटाउन सकिएन । फलतः चक्रवर्त्तेन्द्र मल्लको सम्झनामा उक्त पोखरी राखिए पनि 'रानीपोखरी' भनी जनजीब्रोले प्रयोग गऱ्यो जुन अद्यावधि कायम छ ।

धर्म, संस्कृति र ऐतिहासिकतालाई समेटेर रहेको यो रानीपोखरीको प्राचीन परम्परालाई कायम राख्न यसको संरक्षण तथा संवर्द्धन गर्ने प्रयास गर्नु ज्यादै आवश्यक भएको अनुभव हुन्छ ।

रानीपोखरी एउटा ऐतिहासिक पोखरी हो । यससँग धर्म, संस्कृति र हाम्रो गौरवमय परम्परा समेटिएको छ । यसको वर्चस्व कायम राख्नु, संरक्षण एवं संवर्द्धन गर्नु नितान्त आवश्यक छ तर आयको दृष्टिकोणबाट होइन । धर्म, संस्कृति, इतिहास एवं पुरातत्त्व आदि कुराहरू भनेको राष्ट्रको गरिमा हो । यसमा व्यक्ति, समाज र राष्ट्रको समष्टिगत सुख, समृद्धि तथा शान्ति गाँसिएको हुन्छ ।

१) यो धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक स्थल भएकोले त्यही रूपमा यसको विकास, संवर्द्धन तथा संरक्षण गर्न प्रयास हुनु वाञ्छनीय छ ।

२) हाल भइरहेको फलामेबारहरू उत्तर र दक्षिणपट्टि भएका होटेलबाट बगेका पानी र फोहरमैलाले गर्दा खिया परेर भग्न भएका छन् । दक्षिणपट्टि रहेका सम्पूर्ण घर-टहराहरू जतिसक्दो चाँडो हटाइ सफा गर्न सकेको खण्डमा दक्षिणतिरबाट रानीपोखरीलाई जसरी दुर्गन्धमय तुल्याएको छ त्यो हुने थिएन । साथै रत्नपार्कको साँघुरा बाटो विस्तृत गर्न पनि मदत हुने थियो । त्यसपश्चात् खिया लागेका भग्न बारहरूमात्र हटाएमा आर्थिक भार कम पर्न गई संरक्षणको दिशामा ठोस कदम चाल्न सकिने छ ।

३) भित्री बार बाहिरी बारको बीचमा भएको खाली ठाउँहरूमा फूल रोपी बगैँचाको रूप दिन पनि सकिन्छ । त्यसको साथै यसलाई 'पुरातत्त्व बगैँचा'को रूपमा विकास गर्न सके काठमाडौँशहरको शोभा बढाउन मदत हुनुको साथै यसमा निहित ऐतिहासिकता संरक्षित हुन सक्ने थियो । यसो गर्दा एउटा कुराको सावधानी भने लिनुपर्छ त्यो के भने भित्री सिमेन्टको बार निकै होचो भएकोले बारहरू अग्लो बनाएको खण्डमा खतरा कम भई सर्वसाधारणको लागि रानीपोखरी रमणीय स्थल हुनुका साथै धार्मिक, ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिकोणले पनि महत्त्वपूर्ण हुन सक्ने देखिन्छ ।

धर्म र संस्कृति नेपाल र नेपालीले प्राचीन कालदेखि अवलम्बन गर्दै आएको मूलतत्त्व भएको र तिनैद्वारा समाजका प्रत्येक पक्षहरू डोरिदै आएकोले कुनै पनि कार्यहरू गर्दा धर्म, संस्कृति र परम्परालाई आघात् पार्छ या पार्दैन त्यस्तो कुरामा विचार गरी क्रमशः विस्तारै भौतिक विकास गर्न सक्षम हुन सकेमात्र वास्तविक सुख, समृद्धि प्राप्त गर्न सकिने हुन्छ । नत्र ती सबै कुराहरू टाढाका कुरा हुन्छन् भन्ने कुरा ध्रुव सत्य छ । अहिलेको परिप्रेक्ष्यमा साँस्कृतिक सम्पदाहरूको संरक्षण तथा संवर्द्धन राष्ट्रको लागि एउटा चुनौतीपूर्ण भएको स्थिति देखापरेको छ । एकातिर भौतिक सुखसयलमा हामी दौडिन थालेका छौं, अर्कोतिर बाह्य प्रभाव समाजका हर पक्षमा सबल हुँदैछ । त्यस्तै राष्ट्रका अमूल्य निधिहरू मठ, मन्दिर, पाटी, पौवा, ढुङ्गेधारा, ऐतिहासिक पोखरी आदि संरक्षणको अभावमा धराशायी बन्दैछन् । अब त्यस्ता साँस्कृतिक सम्पदाहरू राष्ट्रले पाउन सक्ने कमै सम्भावना भएको स्पष्ट छ, यस्तो समयमा हामीले हरतरह ती राष्ट्रिय गरिमाहरूलाई संरक्षण एवं संवर्द्धन गर्ने चुनौतीपूर्ण घडी आएको सबैले अनुभव गरेको हुनुपर्छ ।

---

१. शङ्करमान राजवंशी (सम्पा), *पुरातत्त्व-पत्र सङ्ग्रह*, पहिलो भाग (काठमाडौः पुरातत्त्व र संस्कृति विभाग, वि.स. २०१६), २-३ पृष्ठ ।

२. H. Ambrose Oldfield, *Sketches from Nepal*, vol. I, (Delhi: Cosmo Publications, 1981 A.D.), P. III